ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २३९
१९ जेठ २०८० शुक्रबार
2 Jun. 2023, Friday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# अत्यधिक गर्मीले जनजीवन प्रभावित



**अजयकुमार साह**

**जेठ १८ गते, महेन्द्रनगर**

धनुषा सहित तराई-मधेसमा दैनिक गर्मी बढ्दै गएको छ। जेष्ठ दोश्रो साता सकिन लाग्दा पनि पानी पर्न नसक्दा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएको छ।

जनकपुरधामसहित तराई-मधेस क्षेत्रमा एक सातादेखि निरन्तर टन्टलापुर घाम लाग्दा जनजीवन प्रभावित बनेको छ। एक सातादेखि तराई क्षेत्रको अधिकतम तापक्रम मध्याह्नपख ३८ देखि ४१ डिग्री सेल्सियसको हाराहारीमा हुन्छ।

**घर बाहिर निस्कनै मुस्किल**

बिहान सूर्योदय भए सँगै साँझसम्म नै एकनाशले टन्टलापुर घाम लाग्दा अत्यधिक गर्मी भई जनजीवन प्रभावित बनेको छ। बेलाबेलामा सामान्य वर्षा भए पनि यस क्षेत्रमा गर्मी कम हुन सकेको छैन। पानी परेर मौसम उघ्रिनासाथ अत्यधिक गर्मी हुने गरेको छ। चर्को घाम र अत्यधिक गर्मीका कारण मानिसलाई मध्याह्नको समयमा घर बाहिर निस्कनै मुस्किल पर्ने गरेको स्थानीयले बताएका छन्। दिनमा मुख्य बजारका सडक सुनसान हुने गरेको छ। सरकारी कार्यालयमा सेवाग्राहीको संख्या घटेको छ। गर्मीका कारण विद्यालय, उद्योग व्यवसाय सबै प्रभावित भएका छन्। दिनभरि सडक र सरकारी कार्यालय सुनसान रहने गरेको छ। अत्यन्त चर्को घाम र छहारीमा बस्दा समेत तर्तरी पसिना आउने प्रचण्ड गर्मीले सर्वसाधारणको दैनिक जीवन कष्टकर बन्दै गएको हो।

**गर्मीजन्य सङ्क्रमणका बिरामी बढे**

पानी नपरेर अत्यधिक गर्मी हुँदा गर्मीजन्य सङ्क्रमणका बिरामी पनि बढिरहेका छन्। गर्मीका कारण घाउ, खटिरा, आउँमासी, टाइफाइड ज्वरो, झाडापखाला लगायत सरुवा रोगका बिरामीको चाप पनि स्थानीय अस्पताल तथा स्वास्थ्य संस्थामा बढ्न थालेको चिकित्सक बताउँछन्।

गर्मी छल्न ग्रामीण भेगका मानिस चौतारी र रुखको छहारीमा बस्ने गरेका छन्। गर्मीले विद्यालय जानुपर्ने ससाना बालबालिकासँगै वृद्धवृद्धा, अशक्त, किसान र मजदुर बढी प्रभावित भइरहेका छन्।

जनकपुरधाममा अस्पताल, शिक्षण संस्था तथा स्वास्थ्य केन्द्रमा गर्मी मौसममा लाग्ने विभिन्न रोगका बिरामीको चाप पनि दिन प्रतिदिन बढ्दै गएको जनाइएको छ।

प्रादेशिक अस्पताल जनकपुरधामका प्रवक्ता डा केडी दासका अनुसार अहिले दैनिक भाइरल ज्वरो, टाइफाइड, निमोनियाका बिरामी बढेका छन्। पसिना अत्यधिक आउने र पर्याप्त पानी सेवन नगर्दा डिहाइड्रेसनका बिरामी बढेका डा दासको भनाइ छ। डा. दासले भन्नुभयो, “गर्मी बढेसँगै धनुषामा ‘हिट स्ट्रोक’ अर्थात् ‘लू’ लाग्ने जोखिमसमेत बढ्दै गएको छ।”

दिउँसोको समयमा तापक्रम उच्च भएका बेला चल्ने गरम हावाले दैनिक ज्यालादारी तथा कडा श्रम गर्ने व्यक्तिलाई लु लाग्ने जोखिम बढेको डा. दासको भनाइ छ। बढ्दो गर्मीबाट जोगिन फलफूलको जुस, पानी लगायतका तरल पर्दाथको सेवनलाई बढाउनाका साथै काम नभए दिउँसोको समयमा घरबाहिर नस्किन उहाँले सर्वसाधारणलाई सुझाव दिनुभयो।

**विद्यार्थीलाई पठनपाठनमा समस्या हुँदा विद्यालय बन्द हुँदै**

समयमा पानी नपर्दा र अत्यधिक गर्मीले गर्दा कक्षाकोठामा विद्यार्थीलाई पठनपाठनमा समस्या हुने गरेको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-६ स्थित माध्यमिक विद्यालय सखुवाबजारका प्रधानाध्यापक सन्तोष यादव बताउनुहुन्छ।

प्रअ यादवले अत्यधिक गर्मीले विद्यार्थी पढाउने बेलामा कापी किताब समातेर हम्कने गर्दा उनीहरूको ध्यान पढाइमा केन्द्रित गर्न समस्या पर्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, “अत्यधिक गर्मीले कक्षाकोठामा पढाउनै समस्या पर्ने गरेको छ, गर्मीकै कारण विद्यार्थीको ध्यान केन्द्रित गर्नै समस्या पर्ने गर्छ।” उहाँले अत्यधिक गर्मी, त्यसमाथि विद्युत् आउनेजाने समस्याले विद्यार्थी समस्यामा परेको बताउनुभयो।

क्षीरेश्वर जनता उच्च माध्यमिक विद्यालय महेन्द्रनगरका प्रधानाध्यापक बाबुसाहेव यादवले अत्यधिक गर्मीले विद्यार्थीको छालामा समस्या देखिएको बताउनुभयो। “अत्यधिक गर्मीले विद्यार्थीको शरीरमा घमौरा, बिमिरा देखिन थालेका छन्”, उहाँले भन्नुभयो, “घमौराले गर्दा शरीर चिलाउने गर्दा उनीहरूलाई पढाइमा ध्यान केन्द्रित गर्न समस्या पर्ने गरेको छ।” समयसमयमा विद्युत् सेवा अवरुद्ध हुँदा पनि विद्यार्थीमा झनै समस्या देखिएको प्रअ यादवले बताउनुभयो।

गर्मीका कारण नानीबाबुलाई विद्यालय पुऱ्याउन र ल्याउनै समस्या पर्ने गरेको अभिभावक दिनेश गुप्ता बताउनुहुन्छ। “विद्यालयमा पंखा भए पनि गर्मीले साना नानीबाबुलाई घरबाट विद्यालय लैजान र घर ल्याउनै समस्या पर्ने गरेको छ”, गुप्ताले भन्नुभयो, “बिहान विद्यालय लैजान त सजिलै हुन्छ तर दिउँसो

*बाँकी पृष्ठ ३ मा*

# सोइजन काटेको विषयमा कुटपिटबाट एकजनाको मृत्यु

**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, महोत्तरी**

महोत्तरीमा सोइजन काटेको विषयमा विवाद हुँदा एकजनाको मत्यु भएको छ। मृत्यु हुनेमा महोत्तरीको गौशाला नगरपालिका १० वटौवाका ५५ वर्षीय छविलाल मण्डल छन्।

महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीप कुमार गिरीका अनुसार गत मंगलबार दिउँसो खेतमा सैजन ( मुनुङ्ङा) काटेको विषयमा छविलाल, स्थानीय २५ वर्षीय विशाल महतो र २५ वर्षीय दुर्गा मण्डलबीच विवाद भएको थियो। कुटपिट हुँदा निधार र छातीमा गम्भीर चोट लागेर छविलाल गम्भीर घाइते भएका थिए।

उनको उपचारको क्रममा बुधबार साढे ३ बजे प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको डिएसपी गिरीले जानकारी दिए।

कुटपिट गर्ने दुवैजनालाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# मन्दिरको प्रतिक्षालयमा शव फेला

**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, महोत्तरी**

महोत्तरीमा मन्दिरको प्रतिक्षालयमा एक वृद्ध मृत अवस्थामा फेला परेका छन्।

बुधबार बिहान करिब साढे ९ बजेको समयमा जिल्लाको गौशाला नगरपालिका १ रामनगर स्थितमा रहेको पूर्वेश्वर महादेव मन्दिरको प्रतिक्षालयमा भारतको उत्तर प्रदेश कानपुर देहात बस्ने ७० वर्षीय जरदान नाथ नाम गरेको व्यक्ति मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।गाउँ घरमा सर्प खेलाई हिड्ने व्यक्ति मृत अवस्थामा रहेको खबर प्राप्त भएपछि ईलाका प्रहरी कार्यालय गौशाला महोत्तरीबाट खटेको प्रहरी टोलीले मुचुल्का गरी शवलाई पोष्टमाटमको लागी प्रादेशिक अस्पताल जलेश्रुवर महोत्तरीमा पठाईएको प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए।

# सांसद विकास कोष खारेजीको माग गर्दै संकल्प प्रस्ताव

**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, काठमाडौं**

ाष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सांसद विकास कोष खारेजीका लागि संसद सचिवालयमा संकल्प प्रस्ताव दर्ता गरेको छ।

बिहीबार पार्टी संसदीय दलको बैठकले 'संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम' ब्युँताउने सरकारको निर्णयविरुद्ध संकल्प प्रस्ताव दर्ता गर्ने निर्णय गरेको हो। रास्वपाका सांसद डोलप्रसाद अर्यालको नेतृत्वमा बिहीबार संकल्प प्रस्ताव दर्ता भएको हो।

रास्वपाले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई रकम छुट्याएर बजेटको विश्वसनीयतामाथि नै प्रश्न उठेको रास्वपाको भनाइ छ। अर्थमन्त्री प्रकाशशरण महतले जेठ १५ मा बजेट भाषण गर्दै प्रत्येक निर्वाचन क्षेत्रका लागि ५ करोड रुपैयाँका दरले ८ अर्ब २५ करोड रकम विनियोजन गरिएको बताएका थिए। रास्वपाद्वारा जारी विज्ञप्तिमा संकल्प प्रस्ताव दर्ता गराउनुको छ वटा कारण र औचित्य उल्लेख गरेको छ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३इ्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# भारत भ्रमण नेपालको हितमा बनाउन यथासम्भव प्रयास गर्नुपर्छ

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आजबाट मित्रराष्ट्र भारतको औपचारिक राजकीय भ्रमण हुँदै छ । सामान्यतया नेपालका हरेक प्रधानमन्त्रीबाट नियुक्तिलगत्तै भारत भ्रमण हुने गरेको इतिहास छ तर यसपालि प्रधानमन्त्री नियुक्त हुनुभएको पाँच महिनापछि मात्रै उहाँको भारत भ्रमण सम्पन्न हुन लागेको हो । भारतीय पक्षको कुरा गर्दा झन्डै एक दशकको अवधिमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले चार पटक नेपाल भ्रमण गर्नुभएको पाइन्छ । सन् २०१४ अगस्टमा पहिलो पटक मोदी भारतको प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो ।

सन् १९४७ बाट भारतसँग औपचारिक सम्बन्ध प्रारम्भ भए पनि नेपाल-भारतबिच सामाजिक, सांस्कृतिक, धार्मिक अनि व्यापारिक हिसाबले प्राचीन कालदेखि घनिष्ट सम्बन्ध रहिआएको छ। त्यसैबेलादेखि उपहारको आदान/प्रदान र भ्रमणसमेत हुन्थे । भारतबाट हामीलाई आर्थिक, सामाजिक, व्यापारिकलगायत क्षेत्रमा उल्लेखनीय सहयोग प्राप्त छ। भारतको स्वतन्त्रता अनि हाम्रो प्रजातन्त्र स्थापना र सबलीकरणका अभ्यासमा एकअर्काप्रति आवश्यक सहयोग पनि भएको हो । यस्तो हितकर मित्र र अगाध पारस्परिक सम्बन्ध भएको देशमा भ्रमण हुनु स्वाभाविक हो र निरन्तर रहनु पर्छ। यस्ता भ्रमण बहुआयामिकसमेत हुनु पर्छ। अनि देशको हितलगायत अन्तर्राष्ट्रिय जगत्मा पहिचानको आयाम बन्नु पर्छ ।

यो केवल छिमेकी मित्रराष्ट्रको भ्रमण मात्र होइन, संसारको सबैभन्दा ठुलो प्रजातन्त्र र एक उदीयमान सामरिक शक्तिसम्पन्न देशको भ्रमणसमेत हो । विविध आयाममा विश्व सर्वेक्षण गर्ने विख्यात पत्रिका फोर्ब्सले अहिले चीनको वर्तमान राष्ट्रपति सी चीन फिनपछि क्रमशः भ्लादिमिर पुटिन, जो बाइडेन, एन्जेला मार्केल हुँदै मोदीलाई नवौँ शक्तिशाली व्यक्तिका रूपमा उल्लेख गरेको छ । संसारका शक्तिशाली मानिसको सूचीमा भारतका प्रधानमन्त्रीमा सबैभन्दा माथि पुग्ने व्यक्तिसमेत स्वयं मोदी नै हुनुहुन्छ । तसर्थ यो भ्रमण छिमेकी प्रधानमन्त्रीसँग मात्र नभई विश्वको एक शक्तिशाली व्यक्ति सम्बद्ध मुलुकको भ्रमणसमेत हो ।

भारतीय प्रधानमन्त्री मोदीको पहिलो कार्यकाललगत्तै २०१४, जुन १५ मा भुटानबाट विदेश भ्रमण सुरु भएको थियो । त्यसयताको तथ्याङ्क हेर्ने हो भने मोदीबाट ६३ देशमा झन्डै ११५ भ्रमण भएका देखिन्छन् । उत्तिकै सङ्ख्यामा अन्य देशका उच्च पदाधिकारीलाई भारत भ्रमण गराइएको छ। अन्तर्राष्ट्रिय स्तरमा बलियो सम्बन्ध र उपस्थितिका लागि भारतले सकेको प्रयास गर्दै छ। पछिल्लो परिवर्तित विश्व अवस्थाको कारण अरू देशसँग नयाँ आयामको सम्बन्ध स्थापित गर्न यस्ता भ्रमण निमन्त्रणाको निरन्तरता भारतको एक रणनीतिक अभ्याससमेत हो । हामीले पनि उक्त सदासयतालाई भरपूर सदुपयोग गर्दै भ्रमणलाई देशको भलाई अनि हितकेन्द्रित बनाउन यथासम्भव प्रयास गर्नु पर्छ ।

# भारत भ्रमणमा प्रचण्ड पुत्रीको गैर-कूटनीतिक उपस्थिति



**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, काठमाडौं**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणका क्रममा स्वकीय सचिव रहेकी गंगा दाहालको गैर-कूटनीतिक उपस्थिति देखिएको छ। यस विषयमा परराष्ट्र मन्त्री र मन्त्रालयका अधिकारी भने निरिह देखिएका छन्।

भारतका उपराष्ट्रपति जगदीप धनखडसँग प्रधानमन्त्री प्रचण्डले बिहीबार शिष्टाचार भेट गरे। उक्त भेटका क्रममा लिइएको तस्बिरमा प्रधानमन्त्री प्रचण्ड र उपराष्ट्रपति धनखडको बीचमा गंगा दाहाल उभिएको देखिएकी छन्।

प्रधानमन्त्रीकी स्वकीय सचिवको हैसियतमा गएकी दाहाल विशिष्ट पाहुनाजस्तै गरी बीचमा उभिँदा परराष्ट्रमन्त्री एनपी साउद, वाणिज्यमन्त्री रमेश रिजाल र पर राष्ट्र सचिव भरतराज पौड्याल उपराष्ट्रपतिको दायाँतिर छन् भने प्रधानमन्त्री प्रचण्ड, राजदूत शंकर शर्मासहित दुई जना उपराष्ट्रपतिसँगै उभिएकी गंगा दाहालको बायाँतर्फ छन्।

तस्बिरमा देखिएकाहरुमध्ये सर कारको मर्यादाक्रममा सबैभन्दा तल रहेकी दाहाल नै विशिष्ट पाहुनाजस्तो गरी बीचमा देखिनुले नेपालको कूटनीतिक मर्यादामाथि नै प्रश्रुन उठाएको छ। त्यसैगरी भारतकी राष्ट्रपति द्रौपदी मुर्मूसँग पनि भेटका क्रममा पनि गंगा दाहाल देखिएकी छन्।

भारत पुगेलगत्तै बुधबार भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र विदेशसचिव विनयमोहन क्वात्रासँग औपचारिक भेटावर्ता सुरु गरे। उक्त भेटमा पनि गंगा दाहालको उपस्थिति अस्वभाविक नै थियो।

प्रधानमन्त्री प्रचण्डसँग पहिलो र औपचारिक भेटवार्ता भएकाले मोदीका सुरक्षा सल्लाहकार डोभलले विदेश मन्त्रालयका अधिकारीलाई साथमै लगेका थिए। विदेश मन्त्रालयका अधिकारी त्यस्तो छलफलमा सहभागी हुने कूटनीतिक संवादका क्रममा हुने सामान्य विषय हो। भारतीय पक्षले त्यसरी भेटवार्ता गर्दा नेपालका प्रधानमन्त्री प्रचण्डले परराष्ट्र मन्त्रालयका अधिकारी भने उपस्थित थिएनन्।

तर, प्रचण्डले छोरी गंगा दाहाललाई भने साथमै राखेका छन्। परराष्ट्र मन्त्रालयका अधिकारी बस्नुपर्ने कुर्सीमा छोरी गंगा दाहाल बसेको तस्बिर सार्वजनिक भएसँगै नेपालको कूटनीतिक अभ्यास थप ओरालो लागेको विश्लेषण भइरहेको छ। प्रधानमन्त्री प्रचण्डले नै केही महिनाअघि कूटनीतिक भेटघाटमा परराष्ट्र मन्त्रालयका अधिकारीको अनिवार्य उपस्थिति हुनुपर्ने निर्णय गरेका थिए। तर, आफ्नो भारत भ्रमणका भने सामान्य कूटनीतिक अभ्यास पनि देखाएनन्।


प्रधानमन्त्री प्रचण्डसँग ६ जना मन्त्रीको लस्कर थियो। परराष्ट्रमन्त्रीको समेत उपस्थिति भएको भ्रमण दलमा परराष्ट्र सचिव भरतराज पौड्याल पनि छन्। यस भ्रमण दलमा सचिव मात्रै यो भ्रमण दलमा ८ जना छन्। तर, हरेक भेटमा भने प्रचण्डले छोरी गंगालाई स्पेस दिएर मन्त्री र सचिवहरुलाई किनाराकृत गर्न खोजेको देखिन्छ। त्यसमा पनि विदेशमा पुगेर द्विपक्षीय भेटमा परराष्ट्रमन्त्री, सचिव र पोर्टोकललाई बेवास्ता गर्नु थप गम्भीर विषय हो।

भारतीय विदेश राज्यमन्त्री मिनाक्षी लेखीले विमानस्थलमा गरेको स्वागतमा प्रचण्डसँग छोरी गंगा दाहाल हाबी थिइन्। जस्तो, स्वागतलगत्तै प्रचण्डलाई नृत्य देखाएर गरेको सम्मान पनि लेखीसँगको तस्बिरमा पनि गंगा दाहाल नै देखिएकी छन्। यस्तो भेटघाटमा गंगाको हाबीले कूटनीतिक अभ्यासमा प्रश्रुन उठ्दा पनि परराष्ट्रका अधिकारीहरु भने निरिह बनेका छन्।

# भारतले बुझायो रक्सौल–काठमाडौं रेलमार्ग फाइनल लोकेशन सर्भेको फाइल

**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, काठमाडौं**



भारतले रक्सौला-काठमाडौं रेलमार्गको फाइनल लोकेशन सर्भे रिपोर्ट नेपाललाई बुझाएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भ्रमणका क्रममा बिहीबार भारतीय पक्षले उक्त फाइनल लोकेशन सर्भे रिपोर्ट नेपाललाई बुझाएको हो।

भारतीय विदेश सचिव विनयमोहन क्वात्राका अनुसार दिल्लीस्थित हैदर ावाद हाउसमा भएको प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीबीचको वार्तापछि उक्त रिपोर्ट नेपाललाई बुझाइएको हो। रक्सौल-काठमाडौं रेलमार्ग भारतको अनुदानमा बनाउने गरी समझदारी भएको छ। रक्सौल-काठमाडौं रेलमार्ग निर्माण गर्न ३ खर्ब २० अर्ब रुपैयाँ लाग्ने अनुमान छ। यसअघि २०७६ मै यो र ेलमार्गका लागि प्रारम्भिक अध्ययन भएको थियो। यो रेलमार्गका लागि २०७८ असोज २२ मा नेपाल र भारतबीच समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको थियो। त्यसबेला फिल्ड सर्भे र रिपोर्ट तयार गर्न १८ महिनाको समय दिइएको थियो। त्यही बेलाको समझदारी अनुसार फाइनल लोकेशन सर्भे रिपोर्ट बिहीबार भारतले नेपाललाई बुझाएको हो।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिबास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिबास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# 'इतिहास रच्न' भारत गएका प्रधानमन्त्री प्रचण्डले के हात पारे?

**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, काठमाडौं**

प्रधानमन्त्री प्रचण्डले आफ्नो भारत भ्रमणका क्रममा बंगलादेशसँग विद्युत व्यापारको मार्गका लागि ठोस सहमति हुने, पञ्चेश्वर परियोजनाका विषयमा टुंगो लगाउने र सीमा विवादका विषयहरु सम्बोधन गर्ने ठोस विश्वासको वातावरण बनाउने गरी छलफल हुने बताएका थिए। 'नयाँ इतिहास' रच्ने अवसर भन्दै चिनियाँ निम्तो बेवास्ता गरी आफ्नो तेस्रो कार्यकालको पहिलो विदेश भ्रमणको रुपमा भारत रोजेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बिहीबार दिल्लीमा ७ वटा सम्झौता गरेका छन्। चार दिने भ्रमणका लागि भारतमा रहेका प्रधानमन्त्री प्रचण्डले बिहीबार बिहान करिब आधा घण्टा भारतीय समकक्षी नरेन्द्र मोदीसँग 'वान टु वान' वार्ता गरेपछि प्रतिनिधिमण्डलस्तरीय छलफल गरेका थिए।



उक्त छलफलपछि आयोजित संयुक्त पत्रकार सम्मेलनमार्फत नयाँ दिल्लीस्थित भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यालय हैदरावाद हाउसबाट दुई देशका प्रधानमन्त्रीले हरियो झण्डा देखाएर बथनाहादेखि विराटनगरको कार्गो रेल्वे सेवाको उद्घाटन गरे। त्यसैगरी नेपाल र भारतबीच बिजुली व्यापारका लागि 'न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइन' सुनौली भैरहवा इन्टिग्रेटेड चेकपोस्ट र अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइनको शिलान्यस गरिएको छ।

नेपाल-भारत पारवहन सम्झौता नवीकरण, सीमापार पेट्रोलियम पाइपलाइन अमलेखगञ्जबाट चितवनसम्म विस्तार गर्ने र सिलिगुडीबाट झापासम्म पुऱ्याउने सहमति भएको प्रधानमन्त्री दाहालले संयुक्त पत्रकार सम्मेलनमा जानकारी दिए। यसैगरी परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र सुष्मा स्वराज इन्स्टिच्युटबीच सहकार्य गर्ने, चाँदनी दोधारामा एकीकृत जाँच चौकी बनाउने, ४८० मेगावाट क्षमताको फुकोट कर्णाली र ६६९ मेगावाट क्षमताको तल्लो अरुणको निर्माण गर्ने सम्झौता पनि भएको छ। भारतीय कम्पनी सतलज जलविद्युत निगमले तल्लो अरुण आयोजना र एनएचपीसी लिमिटेडले फुकोट कर्णाली बनाउने सम्झौता भएको हो।

तल्लो अरुणबाट नेपालले १४०.४९ मेगावाट बिजुली पाउने गरी भारतीय कम्पनीसँग परियोजना विकास सम्झौता (पीडीए) भएको छ। भारतीय कम्पनी सतलज जलविद्युत निगम (एसजेभीएन)ले २१ प्रतिशत बिजुली पाउने गरी सम्झौता भएको जानकारी गराइएको छ। त्यस्तै, नेपाल-भारत डिजिटल पेमेन्ट सम्झौता पनि भएको छ। यसबाहेक दुई प्रधानमन्त्रीले बटन थिचेर केही आयोजनाको शिलान्यास र उद्घाटन गरेका छन्, जसमा निर्माण कार्य अधुरै रहेको रेल्वे सेवा पनि छ।

सम्झौता भएका सातमध्ये तल्लो अरुण र फुकोट कर्णाली जलविद्युत आयोजना भारतीय कम्पनीले बनाउने विषय मुख्य रहेका छन्। दुई देशबीच भएका सम्झौताहरु हेर्दा भारतीय चाहनामा नेपालका प्रधानमन्त्री प्रचण्डले 'लाहाछाप' लगाइदिएको देखिन्छ। माथि उल्लेखित सातवटै सम्झौताले दुवै मुलुकलाई फाइदा हुने भए पनि नेपालका जलविद्युत आयोजना आफूले बनाउन पाउनुपर्ने भन्दै अन्य मुलुकले बनाएको जलविद्युत नकिन्ने रणनीति अपनाएको भारतले यसपटक सफलता हात पारेको छ। यद्यपि, १० वर्षमा १० हजार मेगावाट बिजुली आयात गर्ने आश्वासन नेपाललाई उसले देखाएको छ।

नेपालले प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा नेपाल र बंगलादेशबीच विद्युत व्यापारका लागि ठोस आधार तयार हुने अपेक्षा गरिए पनि त्यसलाई भारतीय पक्षले खासै चासो दिएको पाइँदैन। यद्यपि, प्रधानमन्त्री प्रचण्डले भारतको भूमि हुँदै नेपालको विद्युत बंगलादेश लैजान भारत सकारात्मक रहेको बताएका छन्। उनले भने, 'नेपालको विद्युत बंगलादेश निर्यातका लागि भारतले सुविधा दिन इच्छुक देखिएकोमा म प्रशंसा गर्दछु।'

प्रधानमन्त्री प्रचण्डले आफ्नो भारत भ्रमणका क्रममा बंगलादेशसँग विद्युत व्यापारको मार्गका लागि ठोस सहमति हुने, पञ्चेश्वर परियोजनाका विषयमा टुंगो लगाउने र सीमा विवादका विषयहरु सम्बोधन गर्ने ठोस विश्वासको वातावरण बनाउने गरी छलफल हुने बताएका थिए। प्रधानमन्त्री प्रचण्डले आफ्नो भारत भ्रमणबारे संसद्लाई जानकारी गराउँदै भनेका थिए, 'भारतको भूमि हुँदै बंलादेशसम्म जलविद्युत निर्यातको विषयमा यो पटक ठोस कुरा हुनेछ। महाकाली सन्धीको २६ वर्ष बितिसक्दा समेत पञ्चेश्वर परियोजनाको प्रगति हुन सकेको छैन। सिँचाइ र जलविद्युतका लागि महाकाली नदीको पानी समान र साझा उपयोग हुने गरी डीपीआरलाई टुंगोमा पुऱ्याइने छ। इतिहासदेखि नै थाँती रहेका सीमा विवादका विषयहरू सम्बोधन गर्न ठोस विश्वासको वातावरण बनाउन गरी छलफल हुनेछ।'

प्रधानमन्त्रीले भनेका कुनै पनि कुरामा ठोस सहमति तथा सम्झौताहरु हुन सकेनन्। प्रधानमन्त्री प्रचण्डले भारतसँग लिपुलेक, लिम्पियाधुरा र कालापानीका विषयमा ठोस कुरा गर्ने बताए पनि संयुक्त पत्रकार सम्मेलनमा भने दुवै प्रधानमन्त्रीले यसबारे कुरै गरेनन्। समग्रमा 'सीमा विवादलाई समाधान गर्ने' टालटुले जवाफ दिएर उम्किन खोजेको देखिन्छ।

प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा बुहप्रतिक्षित रहेको हवाई रुट प्रदान गर्ने विषयमा सहमति हुन सक्ने अपेक्षा गरिएको थियो भने पञ्चेश्वर बहुद्देश्यीय परियोजनामा महाकालीको पानी बाँडफाँटको ठोस सहमति हुने बताइएको थियो। नेपालले भारतसँग महेन्द्रनगरबाट हवाई रुट मागेको थियो भने पञ्चेश्वर परियोजनाको पनि टुंगो लगाउनुपर्ने माग थियो। यस विषयमा प्रधानमन्त्री प्रचण्डले पत्रकार सम्मेलनमा आफ्नो मन्तव्य राख्ने क्रममा यी विषयमा भारत सकारात्मक रहेको बताए पनि ठोस सहमति नभएको बताए।

प्रचण्डले भने, 'नेपालले थप एयर रुटका लागि पनि आग्रह गरेको थियो। एटीआर विमानको द्विपक्षीय फ्लाइटका लागि भारतले दिएको सकारात्मक संकेतलाई नेपालले स्वागत गरेको छ।' पञ्चेश्वर परियोजनाका लागि तीन महिनामा डीपीआर तयार गर्ने र एक वर्षभित्र परियोजनाको मोडालिटी तय हुने बताइए पनि डकुमेन्टमा भने उक्त कुराहरु अटाएनन्। विगतका भ्रमण र वार्ताहरूमा पनि डीपीआर बनाउने लगायतका विषयका रटान लगाइएको थियो।

यसअघि तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाले पनि भारत भ्रमणका क्रममा यस परियोजनाबारे समकक्षी नरेन्द्र मोदीसँग कुरा गरेका थिए। मोदीले आफ्नो प्रधानमन्त्रीका रुपमा पहिलो नेपाल भ्रमणका क्रममा पनि ५ वर्षभित्र पञ्चेश्वर परियोजना सम्पन्न हुने बताएका थिए। त्यसको सात वर्षपछि २०७८ चैतमा तत्कालीन प्रधानमन्त्री देउवासँगको भेटमा पनि मोदीले भनेका थिए, 'ऊर्जा सहकार्यमा हाम्रो दृष्टिकोण आपसी सहयोगको ब्लुप्रिन्ट सावित हुनेछ। हामीले पञ्चेश्वर परियोजनामा तीव्र गतिले अघि बढ्ने र त्यसको महत्त्वमा जोड दिएका छौं। यो परियोजना ऊर्जा क्षेत्रको विकासका लागि एक गेमचेन्जर सिद्ध हुनेछ।'

नेपाल र भारतबीचमा भएका सन्धिहरुको पुनरावलोकन तथा परिमार्जनका लागि दुवै देशले अध्ययनका लागि बनाएको इमिनेन्ट पर्सन्स ग्रुप (ईपीजी)को करिब पाँच वर्षदेखि 'होल्ड' मा राखिएको प्रतिवेदनबारे पनि छलफल हुने अपेक्षा थियो। प्रधानमन्त्री प्रचण्डको उत्साह हेर्दा उनको भारत भ्रमणमा ईपीजी प्रतिवेदन बुझ्ने सहमति गर्ने अपेक्षा गरिएको थियो।

दुई प्रधानमन्त्रीको भेटपछि आयोजित पत्रकार सम्मेलनमा भारतीय विदेश मन्त्रालयाका सचिव विनयमोहन क्वात्राले ईपीजीको विषयमा कुनै छलफल नभएको जानकारी गराएका छन्। उनले भनेका छन्, 'मेरो जानकारीमा भएअनुसार अग्निपथमा गोर्खा भर्ती, ईपीजी र शान्ति तथा मैत्री सन्धिको विषयमा दुई प्रधानमन्त्रीहरूबीच द्विपक्षीय र प्रतिनिधिमण्डलस्तरीय बैठकमा कुरा भएन।'

त्यसैगरी पछिल्लो समय भारतले आफ्नो नयाँ संसद्रु भवनमा राखेको 'अखण्ड भारत'को मुरलको बारेमा पनि प्रधानमन्त्री प्रचण्डले भारतसँग कुरा राख्ने अपेक्षा गरिएको थियो। प्रधानमन्त्री प्रचण्डले यसबारे पनि कुनै कुरा नगरेको भारतीय विदेश सचिव क्वात्राले जानकारी दिए।

भारतले नेपाललाई सफ्ट लोन दिने विषयमा पनि आफ्नो भ्रमणका क्रममा ठोस कुराकानी र सम्झौता हुने प्रधानमन्त्री प्रचण्डले बताएका थिए। तर यसबारे पनि कुनै छलफल तथा सम्झौता भ्रमणका क्रममा भएन।

यसरी हेर्दा नेपाल पक्षले आफ्नो चासोलाई सम्बोधन गर्ने र छलफलको विषय बनाउने भन्दा पनि भारतीय पक्षले बनाएका एजेण्डामा नै लाहाछाप लगाउने काम भ्रमणका क्रममा भएको देखिन्छ।प्रधानमन्त्रीसहित परराष्ट्रमन्त्री एनपी साउद, अर्थमन्त्री प्रकाशशरण महत, उद्योग तथा वाणिज्यमन्त्री रमेश रिजालसहितको जम्बो टोली गए पनि उनीहरुले नेपालले उठाउनुपर्ने र छलफल गर्नुपर्ने विषयमा कुरै नगरेको पाइएको छ।

# अत्यधिक गर्मीले जनजीवन

बिदा भएपछि घर ल्याउँदा बच्चा गर्मीले रातोपिरो भइसक्छन् ।"

अभिभाव ज्योति झाले गर्मीका कारण नानीबाबु सुत्न नसक्ने र घरीघरी पानी पिउन खोज्ने गरेको बताउनुभयो । "समयसमयमा विद्युत् लाइन काटिँदा घरभित्रै बस्न सकिँदैन", झाले भन्नुभया।

**चिसो पेय पदार्थको बिक्री बढ्यो**

यता गर्मी बढेसँगै बजारमा हरेक वर्ष चिसो पेयपदार्थको माग ह्वात्तै बढ्छ र यो वर्ष झनै त्यसको मात्रा बढेको छ । अहिले गर्मी बढेसँगै चिसो पेय पदार्थको बिक्री बढेको छ। अहिले जनकपुरधाम बजारका होटल तथा चोकचोकमा लस्सीका साथै चिसो पेय पदार्थको व्यापार गर्नेको संख्या पनि बाक्लै देखिन थालेको छ ।

अहिले बजारमा उखुको जुस, सर्वत, बरफ, कुल्फी, आइसक्रिमको व्यापार पनि एकाएक बढेको जनकपुर जानकी चोकका चन्दे लस्सी पसलका सञ्चालक चन्दे साहले बताउनुभयो । गर्मी छल्न, तथा तिर्खा मेटाउन मानिसले चिसो खाने गरेका कारण व्यापार बढेको हो । एकाएक चिसो पेय पदार्थको बिक्री बढेपछि व्यवसायीलाई पुऱ्याउनै हेम्मेहम्मे परेको छ।


दैनिक उखुको रस पेल्दै आएका जनकपुरधामका शम्भुप्रसाद गुप्ताले बिहानदेखि साँझसम्म चिसो पिउनेको भीड लाग्ने गरेको बताउनुभयो ।

महेन्द्रनगरका विशाल डेरीका सञ्चालक विजय यादवले कुल्फी, आइसक्रिमको बिक्री वितरण बढेको बताउनुभयो ।-रासस



## नागरिकता विधेयक प्रमाणीकरण

# 'राष्ट्रपतिको कदम सराहनीय'



**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, जनकपुर**

राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गर्नुभएकोमा मधेश प्रदेश सभाका सदस्यहरूले धन्यवाद दिनुभएको छ।

मधेश प्रदेश सभाको बुधबार बसेको बैठकको शून्य समयमा बोल्नुहुने अधिकांश सभा सदस्यहरूले राष्ट्रपतिको यस कदमको सराहना गर्दै धन्यवाद व्यक्त गर्नुभएको हो।

बैठकमा प्रदेश सांसद उपेन्द्र महतोले भन्नुभयो, "राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण गरेर धेरै राम्रो काम गर्नुभएको छ।

धन्यवाद दिन चाहन्छु।" यस्तै उर्मिलादेवी सिंहले भन्नुभयो, "राष्ट्रपतिले रेशम चौधरीलाई आममाफी दिनुभएको छ, नागरिकता विधेयक प्रमाणीकरण गर्नुभएको छ।

राष्ट्रपति र सरकार दुवैलाई धन्यवाद दिन चाहन्छु।" सभा सदस्यहरू जनार्दनसिंह क्षेत्री, कौशलकिशोर सिंह, रामअशिष यादवले राष्ट्रपतिलाई धन्यवाद दिँदै बैठकबाटै धन्यवाद प्रस्ताव पारित गर्न माग गर्नुभयो।

बैठकको विशेष समयमा बोल्दै प्रदेश सांसद सतिशकुमार सिंहले प्रदेशका मिडियालाई अविलम्ब प्रदेश सरकारबाट लोककल्याणकारी विज्ञापन वितरण गर्न माग गर्नुभयो।

"सरकारले लोककल्याणकारी विज्ञापनका लागि बजेट छुट्याएको छ, साउनबाट विज्ञापन वितरण सुरु गर्नुपर्नेमा अहिलेसम्म भएको छैन," उहाँले भन्नुभयो।

यस्तै प्रदेश सांसद किरणकुमारी साहले सर्पदंशका बिरामीको मृत्यु भइरहेकाले समुचित व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो। प्रदेश सभा सदस्य कञ्चन बिच्छाले सार्वजनिक शिक्षा निःशुल्क गरी गुणस्तरीयता ल्याउन सरकारसँग माग गर्नुभयो। बैठकमा सभा सदस्यहरू जैनुन खातुन, विनादेवी शर्मा, इन्दुकुमारी साह, रानी शर्मा तिवारीलगायतले सरकारको विभिन्न कामकारबाहीबारे ध्यानाकर्षण गराउनुभएको थियो।

# चुरे तथा पर्यावरण संरक्षणका लागि सरकार गम्भीर छ : वनमन्त्री महतो



**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, सिरहा**

वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले चुरे तथा पर्यावरण संरक्षणका लागि सरकार गम्भीर रहेको बताएका छन् । चुरे तथा नदी प्रणाली सरोकार पत्रकार समाजका पदाधिकारीसँग आज सिरहामा भएको भेटघाटमा मन्त्री महतोले चुरे क्षेत्रको संवेदनशीलता र त्यसले तराई मधेसमा पार्ने प्रभावका विषयमा सरकार सचेत रहेकाले संरक्षणमा प्रतिकूल असर पार्ने गरी कुनै कार्य नहुने प्रष्ट पारे ।

उनले पर्यावरण संरक्षणका क्षेत्रमा कलम चलाउँदै आएका पत्रकारको सकारात्मक भूमिकाले चुरे र चुरे हुँदै बग्ने खहरे एवं नदी प्रणालीको व्यस्थापनका लागि महत्त्वपूर्ण भूमिका खेल्ने भन्दै निरन्तर कलम चलाउन आग्रह गर्नुभएको समाजका अध्यक्ष अनिलकुमार कर्णले जानकारी दिए ।

भेटघाटका क्रममा चुरे तथा नदी प्रणाली सरोकार पत्रकार समाजका केन्द्रीय अध्यक्ष अनिलकुमार कर्णले संस्थाको उद्देश्यबारे जानकारी गराउँदै सञ्चारकर्मीलाई चुरे तथा नदी प्रणालीसम्बन्धी ज्ञान तथा संवेदनशीलता अभिवृद्धिका लागि वनमन्त्री महतोको ध्यानाकर्षण गराएका थिए । त्यस अवसरमा मन्त्री महतोले पत्रकार समाजका अध्यक्ष कर्ण, उपाध्यक्ष अभरेन्द्रकुमार यादव र महासचिव विजयकुमार साहलगायतलाई सम्मान गरेका थिए ।

## खोला उत्खननमा अनियमितता गरेको आरोप

# गौशाला नगरपालिकाविरुद्ध कारबाहीको सिफारिस



**रवीन्द्र उप्रेती**

**जेठ १८ गते, बर्दिवास**

खोला उत्खननमा अनियमितता गरेको भन्दै जिल्ला समन्वय समिति महोत्तरीले गौशाला नगरपालिकाविरुद्ध कारबाही अघि बढाएको छ ।

समितिले अनियमितताका प्रमाणसहित मधेश प्रदेशस्थित वन तथा वातावरण मन्त्रालयमा मङ्गलबार कारबाहीका लागि सिफारिस गरेको हो ।

गौशाला नगरपालिकाले मडाहा खोला उत्खननका लागि दुई वटा ठेकेदार कम्पनीलाई चार प्याकेजमा एक महिना (जेठ) का लागि ठेक्का लगाएको थियो । तर अनुगमनका क्रममा नगरपालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (आइइई) विपरीत कार्यादेश दिएको पाइएकाले कारबाहीको सिफारिस गरेको समितिले जनाएको छ ।

समिति अध्यक्ष तथा अनुगमन समिति संयोजक सुमन लाल कर्णकाअनुसार जेठ ५ गते अनुगमन टोलीले मडाहा खोला निरीक्षण गरेको थियो । त्यस क्रममा नौ वटा स्काभेटरले खोला उत्खनन गरिहरेको, २६ थान टिप्पर प्रयोग गरिएका, ६ फिटभन्दा गहिरो खाल्डो खनिएका र तोकिएको परिमाणभन्दा बढी उत्खनन् गरेको पाइएपछि कारबाही प्रक्रिया अगाडि बढाएको संयोजक कर्णले बताउनुभयो । समितिले सोही समयदेखि अर्को आदेश नआएसम्मका लागि मडाहा खोला उत्खननमा समेत रोक लगाएको थियो ।

''जिम्मेवारीबाट विमुख भई वातावरण संरक्षण ऐन विपरीत उत्खननका लागि कार्यादेश दिएकोले वातावरण संरक्षण ऐन २०७६ को दफा ३५ को उपदफा १ (ख) बमोजिम हुने गरी गौशाला नगरपालिकाविरुद्ध जरिवानाको माग दाबी गर्दै मन्त्रालयमा सिफारिस गरेका हो,'' कर्णले भन्नुभयो, ''सिफारिससाथ हामीले अनियमितताका प्रमाणसमेत मन्त्रालयमा पेस गरेका छौँ ।''

कसुर ठहरेमा गौशाला नगरपालिकामाथि मन्त्रालयले १० लाख रुपियाँसम्म जरिवाना गर्न सकने जनाइएको छ ।

ठेकेदार कम्पनीले भने जिसस र नगरपालिका विवादमा आफ्नो रोजीरोटी र लगानी डुब्न लागेको गुनासो गरेका छन् । आफूहरूले नगरपालिकाको कार्यादेशको अधीनमा रहेर उत्खनन् गरेको ठेकेदार अनीश कन्स्ट्रक्सन मथिलेस साहको दाबी छ ।

साहकाअनुसार नौ महिनाका लागि लाग्ने खोला ठेक्का विधि प्रक्रिया र विवाद मिलाउँदैमा आठ महिना ढिलो भयो ।

गौशाला नगरपालिकाले भने नगर कार्यपालिकाबाट निर्णय गराई अनीश कन्स्ट्रक्सन र पौडेल निर्माण सेवालाई मडाहा खोलाको चार वटा प्याकेज करिब एक करोड ७१ लाख रुपियाँमा जेठ महिना भरिका लागि ठेक्का लगाएको जनाएको छ ।

# साढे चार वर्ष देखि छोरा वेपत्ता : सास र लाश प्रतीक्षामा आमा-बुवा



**खबर दर्पण समाचारदाता**

**जेठ १८ गते, बारा**

जीतपुरसिमरा उपमहानगरपालिका -८ लोसन्डाका २६ वर्षीय प्रदीप कुशवाहा बेपत्ता भएको ४ बर्ष ५ महिना पुगिसकेको छ ।

बुवा र आमाको आशु नझरेको दिन छैन् । गाउँकै साथीहरुसँगै होटलमा खाजा खाएर घर आएका छोरा घरमा पस्नै नपाउँदा आएको फोनमा कुरा गरेर निस्केका छोरा अहिलेसम्म घर फर्किएर आएका छैनन् ।

विदेश जाने तरखरमा रहेका प्रदीपको गोजीमा ७५ हजार रुपैयाँ रहेको उनको आमा विद्यादवी कुशवाहाले बताइन् । २०७५ साल पुस १६ गते गाउँकै रधही सहनीले आफ्नो छोरा प्रदीपलाई वेपत्ता पारेको हुनसक्ने आमाको आशंका छ ।

वेपत्ता भएको छोराको खोजी गर्न पुलिस प्रशासन ,नातागोता सबै चहारे कही फेला परेन् भनिरहँदा गहभरि आँशु थियो । प्रदीप मरे/बाँचेको औपचारिक खबर आएको छैन । उसको ९ वर्षीय छोरा र ७ वर्षीया छोरीले बाबा कति खेर आउनुहुन्छ भनि रहँदा आफूहरु निशब्द हुने गरेको बुवा अशोक कुशवाहाले बताए । प्रदीपका छोराछोरी बुवा नआएको यति समय भयो कति खेर आउनुहुन्छ प्रश्न गर्दै भन्छन्,अब बुवा आएपछि कहिले बाहिर जान नदिनुहोला । हामी सम्झाउँदै उनीहरुलाई तिमीहरुको बुवा अब चाडै आउनुहुन्छ भन्छौ प्रदीपको बुवा आँसु झार्दै बताए । प्रहरीले सास र लाशको विषयमा अहिलेसम्म प्रदीपको परिवारलाई केही भन्न सकेको छैन् ।

प्रदीप वेपत्ता भएको घट्नामा प्रहरीले उनीसंगै खाजा खान गएका स्थानीय तीन जनालाई पक्राउ गरेको थियो । त्यो घट्नामा प्रहरीले ४० वर्षीय प्रदीप पासवान , ४२ वर्षीय पच्चु पासवान र ५२ वर्षीय रधही सहनीलाई प्रहरीले पक्राउ गरेको थियो । प्रमाणको अभावमा प्रहरीले पक्राउ परेका तीनै जनालाई छोडेको थियो । प्रदीपको बुवा अमर कुशवाहाले प्रहरी नियन्त्रणमा रधही सहनीले मलाइ छुटाइ दिनुस तपाईको छोरालाई म ल्याइदिन्छु भन्नेपछि आफूले एसपीसंग अनुरोध गरेर छुटाएको बताए । ५२ वर्षीय रधही अहिले आफनो परिवारसँगै गाउँ छाडेर फरार छन् । छोराको खोजीमा नेपाल र भारतको कुना कुनामा आफू पुगेको बुवा अमर कुशवाहाले बताए ।

छोराको खोजीमा सगुन ,झाकललगायतको थुप्रै कार्य गर`को उनले सुनाए । छोरा प्रदीपको खोजीमा जग्गा बेचेर करीब १६ लाख खर्च भइसकेको बुवा अमरले बताए । प्रदीपको बुवा अमरले छोरा बाँचेको वा मरेको प्रमाणित नभइदिँदा आफूहरुको मन विचलित भइरहेको बताए ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा